**२०८१ साल बैशाख २३ आइतबार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय :** प्रदेश लोकसेवा आयोगबाट सिफारिस भएका कृषि सेवा तर्फका प्राविधिक कर्मचारीहरुको सिफारिस सम्बन्धमा प्रदेश लोकसेवा आयोगलाई अनुरोध गर्ने ।

२. देहाय बमोजिमका प्रदेश सरकार मन्त्रिपरिषद् समितिहरु गठन गर्नेः-

**देहाय**

**अ. राजनैतिक समिति**

**आ. प्रशासन तथा विधेयक समिति**

**इ. आर्थिक, सामाजिक तथा पूर्वाधार समिति**

३. "प्रदेश सरकार (कार्य सम्पादन) नियमावली, २०७४ को दफा २९ को उपदफा (१) बमोजिम लुम्बिनी प्रदेश सरकारको प्रवक्ताको रुपमा आन्तरिक मामिला तथा कानून मन्त्रालयका माननीय मन्त्री श्री दिनेश पन्थीलाई तोक्ने ।"

४. "बुटवल स्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को सम्पर्क कार्यालयको रुपमा उपयोग भइरहेको भवनहरु राजश्व अनुसन्धान कार्यालय, बुटवललाई उपयोगका लागि उपलब्ध गराउने ।"

५. "नेपाल कृषि सेवा, ११औं तह कृषि प्रसार समूहका यामनारायण देवकोटा (क.सं.नं. १७११४५) लाई प्रदेश निजामती ऐन, २०८० को दफा २५ बमोजिम कृषि विकास निर्देशनालयको ११औं तहको महानिर्देशक पदमा सरुवा/पदस्थापन गर्ने ।"